नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
जल तथा मौसम विज्ञान विभाग
बाढी पूर्वानुमान महाशाखा

# बाढी पूर्वानुमान बुलेटिन (Flood Forecast Bulletin)

**(जारी मिति: २०७८-०४-०४ गते बिहान ०७ बजे)**

**नदीहरुको हालको अवस्था (Present River Status)**

**आज बिहानको मापन अनुसार कोशी, कर्णाली, महाकाली र यिनका सहायक नदीहरुमा बहाव सामान्य रहेको, नारायणीका सहायक नदीहरुमा बहाब बढ्दो रहेको तथा सबैमा सतर्कता तह भन्दा तलै रहेको छ।**

**बाढी पूर्वानुमान (Flood Forecast)**

**पूर्वानुमान आज : श्रावण-०४ गते सोमबार (विहान ७ बजे देखि २४ घण्टा)**

- **महाकाली, कर्णाली, नारायणी, कोशी र यिनका सहायक नदीहरु भेरी, मर्स्याङ्दी, बुढीगण्डकी, त्रिशुली, सुनकोशी, भोटेकोशी, तामाकोशी** लगायतका नदीहरुमा बहाब बढ्ने र केहीमा सतर्कता तह आसपास पुग्न सक्ने पूर्वानुमान छ ।
- कन्काई, कमला, बागमती, पूर्वी राप्ती, पश्चिम राप्ती लगायतमा बहाब बढ्ने तथा सतर्कता तह भन्दा तलै रहने, **तिनाउ, बबई** जलाधारका सहायक नदीहरुमा बहाव बढ्ने र केहीमा सतर्कता आसपास पुग्न सक्ने पूर्वानुमान छ।
- प्रदेश १ को **ईलाम, झापा, मोरङ, सुनसरी, पाँचथर, सोलुखुम्बु, संखुवासभा, ताप्लेजुङ, भोजपुर,** प्रदेश २ को **रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सप्तरी,** बागमती प्रदेशको **दोलखा, रामेछाप, सिन्धुली, काठमाडौँ, सिन्धुपाल्चोक, रसुवा, नुवाकोट,** गण्डकी प्रदेशको **गोरखा, लमजुङ, मुस्ताङ, तनहुँ, स्याङ्गजा, कास्की, म्याग्दी, पर्वत, बाग्लुङ, नवलपुर,** लुम्बिनी प्रदेशको **परासी, पाल्पा, गुल्मी, रोल्पा, रुकुम पूर्व, दाङ, बाँके, बर्दिया,** कर्णाली प्रदेशको **सुर्खेत, सल्यान, जाजरकोट, दैलेख, कालिकोट, जुम्ला,** सुदूरपश्चिम प्रदेशको **दार्चुला, बझाङ, बाजुरा, बैतडी, डडेल्धुरा, डोटी, अछाम, कैलाली, कंचनपुर** र आसपास जिल्ला भई बहने स-साना नदीहरुमा बहाव बढ्ने र केहीमा आकस्मिक वहाव (Flash Flood) हुन सक्ने पुर्वानुमान छ ।

**पूर्वानुमान भोलि : श्रावण-०५ गते मंगलबार (विहान ७ बजे देखि २४ घण्टा)**

- **महाकाली, कर्णाली, नारायणी, कोशी र यिनका सहायक नदीहरु भेरी, मर्स्याङ्दी, बुढीगण्डकी, त्रिशुली, सुनकोशी** लगायतका नदीहरुमा बहाब बढ्ने र केहीमा सतर्कता तह आसपास पुग्न सक्ने पूर्वानुमान छ ।
- कन्काई, कमला, बागमती, पूर्वी राप्ती, पश्चिम राप्ती लगायतमा बहाब सामान्य घटबढ हुने तथा सतर्कता तह भन्दा तलै रहने, **तिनाउ, बबई** जलाधारका सहायक नदीहरुमा बहाव बढ्ने र केहीमा सतर्कता आसपास पुग्न सक्ने पूर्वानुमान छ।
- **बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशको** मध्यपहाडी, चुरे र तराई भई बहने नदीहरुमा बहाब बढ्ने र केही सहायक नदीहरुमा आकस्मिक बहाब हुन सक्ने पुर्वानुमान छ ।

**पूर्वानुमान पर्सी : श्रावण-०६ गते बुधबार (विहान ७ बजे देखि २४ घण्टा)**

- महाकाली, कर्णाली, नारायणी र कोशीका सहायक नदीहरुमा बहाब सामान्य घटबढ हुने तथा सतर्कता तह भन्दा तलै रहने पूर्वानुमान छ ।
- कन्काई, कमला, बागमती, पूर्वी राप्ती, तिनाउ, पश्चिम राप्ती, बबई लगायतमा बहाब सामान्य घटबढ हुने तथा सतर्कता तह भन्दा तलै रहने पूर्वानुमान छ ।
- प्रदेश १, बागमती र गण्डकी प्रदेशको मध्यपहाडी, चुरे र तराईको भूभाग भई बहने नदीहरुमा बहाव बढ्ने र केहीमा आकस्मिक वहाव हुन सक्ने पुर्वानुमान छ ।

**सरोकारवालाका लागि परामर्श (Advisory):**

- आज **महाकाली, कर्णाली, नारायणी, कोशी र यिनका सहायक नदीहरु भेरी, मर्स्याङ्दी, बुढीगण्डकी, त्रिशुली, सुनकोशी, भोटेकोशी, तामाकोशी लगायत तिनाउ, बबई** जलाधारका सहायक नदीहरुमा बहाव बढ्ने र केहीमा सतर्कता तह आसपास पुग्न सक्ने पूर्वानुमान रहेकाले तटीय क्षेत्रहरू तथा डुवान भईरहने क्षेत्रहरूमा सतर्कता अपनाउनुहुन अनुरोध छ।

(*बाढी पूर्वानुमान वुलेटिन यस विभागको वेवसाइट मा समेत हेर्न सकिने छ)* विभागको फेसबुकपेज *Nepal Flood Alert* (नेपाल बाढी सुचना) हेरौं । विभागको ट्विटर पेजः *Nepal Flood Alert* (नेपाल बाढी सूचना) हेरौं ।)

**नोटः पहेलो रङले मध्यम जोखिम रहेको संकेत गर्छ । रातो रङले उच्च जोखिमको संकेत गर्छ ।**

# *Forecast References:*

1) *Real Time Ground Observation System for Rainfall (around 120 stations) and Water levels(Around 85 Stations) under Flood Forecasting Section, DHM*
   http://hydrology.gov.np/#/river_watch?_k=6oxgcv
   http://hydrology.gov.np/#/rainfall_watch?_k=407hry
2) *MFD Rainfall Forecast (http://mfd.gov.np/content/?id=3213)*
3) *RIMES Rainfall Forecast*
4) *NCMWRF Rainfall Product*
   *24 Hour Rainfall Forecast Today (9am to 9 am)*
   *24 Hour Rainfall Forecast Tomorrow (9am to 9 am)*
5) *Flood Forecast-Karnali, Babai and Narayani Basin (HEC-HMS Model)*
6) *Flood Forecast –Bagmati, Koshi and West Rapti (MIKE-11, NAM)*
7) *Probabilistic Forecast for short lead time in major river system(Based on real time observation)*
8) *GLOFAS forecast*
9) *Tethys Forecasting Platform( Stream Flow Prediction Tool and HIWAT tool for Nepal ( 7 days forecast for small rivers)*
10) *Regional Floodoutlook –Ganges-Brahmaputra Basin*
11) *SouthAsia Flash Flood Guidance System (Nepal)*
12) *Other Global Flood Forecasts*
13) *Satellite Cloud Picture*
14) *Etc…*

## थप जानकारीको लागि

- जल तथा मौसम विज्ञान विभागले हरेक दिन विहान ७ बजे तीन दिन पछि सम्मको बाढीको पूर्वानुमान गरी बाढी बुलेटिन जारी गर्दै आएको छ। उक्त बुलेटिन हेर्नको लागि विभागको वेवसाइट: लग अन गरी हेर्नसक्नुहुनेछ।
- तपाईलाई देशको कुन ठाउंमा कती वर्षा भैरहेको छ? तत्काल खतरा भन्दा माथिल्लो वर्षा भईरहेको छ वा छैन भन्ने जान्नका लागि विभागको वेवसाइट www.hydrology.gov.np मा गई Rainfall Watch बटन थिच्नुहोला।
- त्यस्तै, कुन नदीमा कती मिटर बाढी छ? बढ्दो छ कि घट्दो होला? खतरा होलाकी नहोला भन्ने जान्न चाहीं सोही वेवसाइटमै गई River Watch बटन थिच्नुहोस।
- जारी भएको बाढी बुलेटिन वा बाढी संग संबन्धीत हरेक पूर्वसूचना यस विभागको आधिकारिक ट्विटर : Nepal Flood Alert (नेपाल बाढी सूचना) र फेसबुक: Nepal Flood Alert (नेपाल बाढी सूचना) मा पनि हेर्नसक्नुहुनेछ।
- बाढी सतर्कता तह नजिक पुग्न लागेमा, सतर्कता तह पार गरेमा, खतरा तह पार गरेमा वा अन्य विषम अवस्थामा देशका मुख्य नदी जलाधारहरुमा नेपाल टेलिकम र एनसेल मार्फत बाढी बाट प्रभावित हुने सर्वसाधारणहरुलाई मोवाइलमा एस एम एस पठाइने छ।
- देशैभरका सर्वसाधारणको लागि ११५५ नंवरको टोल-फ्रि सेवा बाढी पूर्वसूचना प्रदान गर्ने उद्देश्यले मनसुनभर सञ्चालन गरिएको छ। जोकोहीले ११५५ डायल गरेर बाढी संबन्धि पूर्वसूचना लिन सक्नुहुनेछ।